# उद्धारको लागि परमेश्वरको योजना



## परिचय

### १. छुट्कारा दिनु भनेको ऋण मेटाउनु हो ।

युहन्ना ३:१९ फैसला चाहिँ यही हो : ज्योति संसारमा आएको छ, र मानिसहरुले ज्योतिभन्दा बरु अन्धकारलाई रुचाए, किनकी तिनीहरुका काम दुष्ट थिए ।

युहन्ना १:८ उनी आफैं त्यो ज्योति थिएनन्, तर त्यस ज्योतिको गवाही दिन आए ।



**छुट्कारा दिनु भनेको ऋण मेटाउनु हो**

**२. हामीले आफ्नो पापद्वारा अनन्तको मृत्यु कमाएका छौं ।**

युहन्ना ६:४० किनभने मेरो पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित गर्नेछु ।

युहन्ना ३:१८ जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्ने चाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन ।

युहना ३:३६ जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । जसले पुत्रको आज्ञा पालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ ।



**पापको ज्याला मृत्यु हो**

**३. येशू क्रुसमा मर्नुभयो र हाम्रो पापको सजाय-मृत्युलाई अंगाल्नुभयो ।**

युहन्ना १४:६ येशूले तिनलाई भन्नुभयो, “बाटो, सत्य र जीवन म नै हुं । मद्वारा बाहेक कोहीपनि पिताकहाँ आउन सक्दैन ।

युहन्ना ३:१७ किनकी परमेश्वरले संसारलाई दोषी ठहऱ्याउन भनि पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो ।

युहन्ना १:१०, १२ उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तरपनि संसारले उहाँलाई चिनेन । तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरुलाई परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो ।

**४. परमेश्वरको अनुग्रह र दयाको कारण, तपाईले केवल विश्वास साथ येशूलाई ग्रहण गर्नमात्र पर्दछ ।**

प्रेरित ४:१२ अरु कसैमा मुक्ति छैन, किनकी हामीले मुक्ति पाउनलाई स्वर्ग मुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।

एफिसी २:८-९ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ-र यो तिमीहरु आफैंबाट होइन, यो त परमेश्वरको वरदान हो-कर्महरुद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ ।

तीतस ३:५ तब हामी आफैले धार्मिकतामा गरेको कामबाट होइन तर उहाँको आफ्नै कृपाअनुसार पुर्नजीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।

**५. यदि तपाईले येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुभयो भने, तपाईको पापहरु क्षमा हुनेछन् ।**

युहन्ना ५:२४ साँच्चै म तिमीहरुलाई भन्दछु, जसले मेरो बचन सुन्छ र मलाई पठाउनु हुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको हुन्छ ।
युहन्ना ६:४७ साँच्चै म तिमीहरुलाई भन्दछु, जसले विश्वास गर्छ त्यससित अनन्त जीवन छ ।

युहन्ना १०:२८ तिनीहरुलाई म अनन्त जीवन दिन्छु, र तिनीहरु कहिल्यै नष्ट हुने छैन, र कसैले तिनीहरुलाई मेरो हातबाट खोसी लैजाने छैन ।

**हो, यो सजिलो छ । तपाईले परमेश्वरबाट क्षमा कमाउन सक्नुहुन्न । तपाईले परमेश्वरलाई पाप क्षमाको लागि कुनै मोल पनि तिर्न सक्नुहुन्न । परमेश्वरको अनुग्रह र दयाको कारण, तपाईले केवल विश्वाससाथ येशू खीष्टलाई ग्रहण गर्न मात्र सक्नुहुन्छ ।**
**यदि तपाई येशू खीष्टलाई ग्रहण गर्न चाहनुहन्छ भने, तपाई यहाँ दिइएको यो प्रार्थना गर्न सक्नुहुन्छ । तर सम्भनुहोस्, यो प्रार्थना वा अरु कुनै प्रार्थनाले तपाईलाई बचाउन सक्दैन । खीष्टमा पूर्ण भरोसा गरेर मात्र पापबाट छुट्कारा पाइन्छ । यो प्रार्थना परमेश्वरलाई तपाईले उहाँमा गर्नुभएको विश्वास र तपाईलाई क्षमादान दिनु भएको लागि उहालाई धन्यवाद चढाउने एक साधारण अभिव्यक्ति मात्र हो ।**

**परमेश्वर पिता, मैले तपाईको विरुद्धमा पाप गरेको छु र दण्ड भोग्न योग्यको छु । तर मेरो पापको सजाय येशू खीष्टले क्रुसमा लिनुभयो ताकि उहाँमा विश्वास गरेर मलाई क्षमा भएको छ । म आफ्नो पापबाट फर्केर मेरो मुक्तिको लागि तपाईमा भरोसा गर्दछु । तपाईको महान् अनुग्रह तथा पाप क्षमाको लागि धन्यवाद दिदछु । आमेन ।**

**Translated by Pastor Devaraj Bhandari**

**Amazing Grace Publishing *100 Lakeview Court * Joshua TX 76058 * 817-426-1828 ***
**E-Mail JamesAV@aol.com**